राष्ट्र र जनताप्रति प्रतिबद्ध
महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# द पब्लिक टुडे
The Public Today
National Daily
राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १९२ | २०८२ चैत १३ गते शुक्रवार | (Friday, 27 March, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# मधेशको बजेट घट्ने अनुमान, आर्थिक जोखिममा प्रदेश सरकार

**शैलेन्द्र महतो**

*जनकपुरधाम, चैत्र १२ गते ।*

मधेश सरकारको चालु आर्थिक वर्ष २०८२/०८३ को बजेटमा १२ अर्ब रुपैयाँ घट्न सक्ने अनुमान गरिएको छ। सदनबाट पास भएर कार्यान्वयनमा आएको बजेटमा १२ अर्ब रुपैयाँ घट्न सक्ने देखिएको छ।

तत्कालीन जनमत पार्टीका सतिशकुमार सिंह नेतृत्वको सरकारका अर्थमन्त्री सुनिलकुमार यादवले आव २०८२/०८३ को लागि असार १ गते ४६ अर्ब ५८ करोड ३३ लाख ५१ हजारको बजेट सदनमा प्रस्तुत गरेका थिए।

जसमा चालुतर्फ १६ अर्ब ७२ करोड ५ लाख १७ हजार अर्थात् ३५.८९ प्रतिशत र पूँजीगततर्फ ३० अर्ब २६ करोड २८ लाख ३४ हजार बजेट विनियोजन गरिएको थियो। तर अहिले आएर बजेट १२ अर्ब रुपैयाँ बढीको बनाइएको खुलेको हो।




क्षमताभन्दा बढी बजेट ल्याउँदा सरकार आर्थिक जोखिममा परेको छ। योजना कार्यान्वयन भए ठेकेदार र उपभोक्तालाई भुक्तानी गर्न नसक्ने स्थिति निम्तिने डर सरकारलाई छ।

जोखिमबाट बच्न सरकारले मन्त्रालयहरूलाई प्रत्येक योजनामा २० प्रतिशत कट्टा हुने गरी काम अघि बढाउन पत्राचार नै गरेको छ। यस्तै आर्थिक जोखिमबाट बच्न सरकारको अर्थ मन्त्रालयले मन्त्रालयहरूलाई पत्राचार गरी चल्न नसक्ने, औचित्यहीन र टुक्रे योजनाहरूलाई समर्पण गर्न निर्देशन दिइएको छ।

'सरकार अहिले आर्थिक जोखिममा परेको छ। यसलाई व्यवस्थित गर्न प्रक्रियाहरू अगाडि बढाइयो। मन्त्रालयहरूलाई पत्राचार गरियो। चल्न नसक्ने, औचित्यहीन योजना, टुक्रे योजना सबैलाई समर्पण गर्न भनेका थियौं,' मधेश प्रदेश सरकारका अर्थमन्त्री महेशप्रसाद यादवले भने।

मन्त्री यादवको भनाइमा ३० अर्बको बजेट बनाउने क्षमता भएको सरकारले ५५ अर्बको अनुमानित बजेट ल्याउने तयारी गरेको थियो। पछि घटाउँदा घटाउँदै ४७ अर्ब कायम गरियो। १० प्रतिशत विविध कोषमा राख्नुपर्नेमा त्यो सबै बाँडियो। त्यसकारण बनाएको बजेट घाटा हुन पुगेको उनको भनाइ छ।

बजेटलाई व्यवस्थित बनाउन मन्त्रालयहरूलाई टुक्रे, औचित्यहीन र चल्न नसक्ने योजना समर्पण गर्न पत्राचार गर्दा पनि कसैले गरेको छैन।

'अहिलेसम्म कुनै मन्त्रालयले समर्पण गरेको छैन। ठोस योजना अगाडि बढाउन चाहेको भए हामीले अनुमति दिन्थ्यौं। त्यसअनुसार जोखिम छ,' अर्थमन्त्री यादवले भने।

रोचक त के भने, तत्कालीन जनमत सरकारको नेतृत्वमा अर्थमन्त्री सुनिल यादव अर्थमन्त्री थिए। अहिले कांग्रेस नेतृत्वको सरकारमा जनमतका महेशप्रसाद यादव अर्थमन्त्री छन्।

तत्कालीन अर्थमन्त्री सुनिलकुमार यादवले संघीय सरकारबाट आउने विभिन्न अनुदानलाई आधार बनाएर बजेट बनाइएको र अहिले कटौती गर्नसक्ने

*- बाँकी पृष्ठ ३ मा*

## एसईईमा मधेसबाट ८७ हजारभन्दा बढी विद्यार्थी सहभागी हुने

**द पब्लिक टुडे समाचारदाता**


*गौशाला, चैत्र १२ गते ।*

मधेस प्रदेशबाट चैत १९ गतेबाट शुरु हुन लागेको माध्यमिक शिक्षा परीक्षा (एसइई) मा ८७ हजार ५ सय ९१ जना विद्यार्थी सहभागी हुने भएको छ।

मधेश प्रदेश सरकारको शिक्षा तथा संस्कृतिक मन्त्रालय मातहतमा रहेको शिक्षा विकास निर्देशनालयका अनुसार गत वर्षको एसईई परीक्षाको तुल्नामा यस वर्ष विद्यार्थीको संख्या घटेको हो। गत वर्षको एसईईमा ८८ हजार ८५८ जना विद्यार्थी सहभागी थिए।

एसईईलाई व्यवस्थित र मर्यादित बनाउन प्रदेशभर २ सय ९९ परीक्षा केन्द्र निर्धारण गरिएको छ। ती केन्द्रहरूमा एक हजार ३ सय १६ विद्यालयका विद्यार्थी सहभागी हुन लागेका छन्।

परीक्षा सञ्चालनलाई प्रभावकारी बनाउन जनशक्ति व्यवस्थापन गरिएको छ। निर्देशनालयका अनुसार २ सय ९९ जना केन्द्राध्यक्ष, ४ सय ३३ जना सहायक केन्द्राध्यक्ष, चार हजार २ सय ३५ जना निरीक्षक, ७ सय ३४ जना परीक्षा सहायक



तथा एक हजार ६०३ कार्यालय सहयोगी परिचालन गरिन लागेको छ भने सुरक्षाका लागि ४ हजार ४ सय ८५ सुरक्षाकर्मी खटाईने जनाएको छ।


यस्तै, जिल्लागत विवरण अनुसार धनुषा जिल्लाबाट सबैभन्दा धेरै १३ हजार २६२ विद्यार्थी परीक्षामा सहभागी हुनेछन्। धनुषाका २ सय ३ विद्यालयका विद्यार्थी एसइईमा सहभागी हुनेछ। त्यसैगरी, एसइईमा सबैभन्दा कम सहभागी सप्तरीबाट रहेका छन्। सप्तरीबाट १६२ विद्यालयका ९ हजार २७६ विद्यार्थीले परीक्षा दिनेछन्।

सिरहा जिल्लाबाट ११ हजार ३८, महोत्तरी जिल्लाबाट ११ हजार ३५१, सर्लाही जिल्लाबाट ११ हजार ३७१, रौतहट जिल्लाबाट नौ हजार ७ सय ७७, बारा जिल्लाबाट १० हजार ८१३ तथा पर्सा जिल्लाबाट १० हजार ७०३ विद्यार्थी सहभागी हुने निर्देशनालयले जनाएको छ।

शिक्षा विकास निर्देशनालय जनकपुरका निर्देशक महेन्द्र महतोका अनुसार परीक्षाको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ। परीक्षा मर्यादित, अनुशासित र निष्पक्ष बनाउन आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला परीक्षा समन्वय समितिमार्फत नियमित अनुगमन गरिने निर्देशक महतोले बताए।

त्यस्तै, मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्रलगायतका निकायको समन्वयमा प्रदेशस्तरीय अनुगमन टोली गठन गरी परीक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाइने तयारी गरिएको पनि निर्देशक महतोले जानकारी दिए।

प्रदेशभर उच्च सतर्कताका साथ परीक्षा सञ्चालन गर्ने तयारी भइरहेको र कुनै पनि किसिमको अनियमितता हुन नदिन कडा निगरानीको व्यवस्था मिलाएको उनको भनाई छ।



द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
- सन्त 'व्यथित'

# लयमा फर्कियो संविधान




दुर्गा खनाल

*काठमाडौं, चैत्र १२ गते ।*

जेनजी आन्दोलनले तत्कालीन संसदबाट निर्वाचित सत्ता पलट भएपछि संवैधानिक ट्र्याकबाट बाहिर गएको मुलुक बिहीबारबाट पुरानै लिकमा आइपुगेको छ ।

नव निर्वाचित सांसदहरूले बिहीबार शपथ ग्रहण गरेपछि अब जनताबाट निर्वाचित नयाँ प्रतिनिधिसभा तयार भएको छ । अब नेपालको संविधान अनुसारको संसदीय व्यवस्था पुनः लिकबाट अघि बढ्ने छ ।

शासकीय अव्यवस्था र भ्रष्टाचारविरुद्ध नवयुवाहरुले गत भदौ २३ र २४ विद्रोह गरेपछि तत्कालीन राजनीतिक दलहरूको सत्ता ढलेको थियो । मुलुक करिब शासकीय शून्यतामा पुगेको थियो ।

त्यो विषम परिस्थितिमा राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७ गते पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन गरेका थिए । अन्तरिम सरकारकी प्रधानमन्त्री कार्कीले शपथ लगत्तै प्रतिनिधिसभा विघटनको सिफारिस गरेकी थिइन् । उक्त सिफारिस अनुसार राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरेका थिए ।

संसद् बाहिर र पूर्वप्रधान न्यायाधीश भइसकेको व्यक्तिलाई प्रधानमन्त्री बनाउने र प्रतिनिधिसभा विघटन गर्ने दुवै नेपालको संविधान २०७२ को परिकल्पना भन्दा बाहिरका निर्णय थिए । यो विन्दुबाट टुटेको संविधानको कडी अब फेरि लयमा फर्किएको छ ।

शुक्रवार नव गठित प्रतिनिधिसभाका सदस्य बालेन्द्र शाह संवैधानिक प्रबन्ध अनुसार नयाँ प्रधानमन्त्री बन्दैछन् । संविधानको धारा ७६ को उपधारा १ अनुसार प्रतिनिधसभामा बहुमत प्राप्त दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री बनाउने व्यवस्था अनुसार शाह प्रधानमन्त्री बन्दैछन् ।

'विशिष्ट अवस्थमा चुनाव गराउनका लागि भनेर सरकार बन्यो । यसमाथि अदालतमा समेत प्रश्न उठ्यो । अब निर्वाचनबाट नयाँ प्रतिनिधिसभा तयार भएपछि संविधान लिकमा फर्किएको छ,' वरिष्ठ अधिवक्ता समेत रहेका पूर्वसांसद राधेश्याम अधिकारीले भने ।

जेनजी आन्दोलन चर्किएपछि २४ भदौमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएका थिए । मुलुकका तीन वटै अंगमा आगजनी भयो । करिब राज्यविहीनताको अवस्था सिर्जना हुँदा नागरिकमा भयंकर भय सिर्जना भएको थियो ।

दलहरू आन्दोलनकारीसँग संवाद गर्न तयार थिएनन् । संसद्बाट नयाँ सरकार बन्ने सम्भावना तत्काल देखिएको थिएन । सत्ताबाट बढारिए पनि तत्कालीन प्रतिनिधिसभाबाट राजनीतिक निकास दिने उपाय खोज्न दलहरूले आग्रह गरेका थिए । तर, जेनजी आन्दोलनकारी शक्तिहरुले तत्कालीन प्रतिनिधिसभा कामय राखेर निकास दिन तयार भएनन् । आन्दोलनकारीहरुले तत्कालीन प्रतिनिधिसभाको शक्ति सन्तुलनको वैधतामै प्रश्न उठाएपछि निकास दिने संभावना रहेन ।

सरकार निर्माण सम्बन्धि संविधानका धाराहरूमा यस्तो असहज परिस्थितिमा के गर्ने भन्ने स्पष्ट केही उल्लेख थिएन । तर, जसरी पनि निकास दिनुपर्ने अवस्थामा राष्ट्रपति पौडेलले संविधानको धारा ६१ (४) मा उल्लेखित संविधानको संरक्षण गर्ने राष्ट्रपतिको कर्तव्यलाई आधार बनाएर पूर्वप्रधानन्यायाधीश कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गरेका थिए । नेपालको संविधान २०७२ मा बाधा अड्काउ फुकाउले छुट्टै व्यवस्था छैन । त्यसैले संसद् बाहिरका व्यक्तिलाई प्रधानमन्त्री बनाउने संवैधानिक बाटो नभए पनि पूर्वप्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाइएको थियो ।

'एउटा ठूलो चुनौतिकाबीच संविधान धरापमा पारेर भएपनि सर्वस्वीकार्य सरकार बनाइएको थियो । त्यही सरकारले चुनाव गराएपछि अब प्रतिनिधिमुलक लोकतन्त्र ट्र्याकमा आएको छ' संविधानविद् विपिन अधिकारी भन्छन्,' अब मुलुक संविधानको सरल रेखामा आइपुगेको छ ।'

पूर्वप्रधान्यायाधीशलाई प्रधानमन्त्री बनाउने र संसद् विघटन गर्ने निर्णयविरुद्ध तत्कालीन संसद् मा प्रतिनिधित्व गर्ने एमाले र कांग्रेसका सांसदहरूले सर्वोच्च अदालतमा रिट हालेका थिए । अदालतमा उक्त मुद्दा विचाराधीन रहेको अवस्थामा गत फाल्गुन २१ मा चुनाव भयो । उक्त चुनावको परिणामपछि अब बिहीवारबाट नयाँ प्रतिनिधिसभा नै गठन भइसकेको छ ।

अब यस्तो अवस्थामा विगतको संवैधानिक र कानुनी प्रश्न पनि अब स्वत समाप्त भएको छ । किनकी संक्रमणकालीन अवस्थामा गरेका निर्णयहरूलाई जनताको मतले नै अनुमोदन गरेकाले अब विगतका क्रियाकलपाको वैधानिकताको प्रश्न बाँकी नहने संविधानविद्हरूको धारणा छ ।

'संवैधानिक र कानुनी प्रश्नहरूको पटाक्षेप भएको छ' पूर्वसांसद समेत रहेका वरिष्ठ अधिवक्ता अधिकारीले भने ।

जेनजी आन्दोलनपछिको परि स्थितिमा मुलुक संवैधानिक संकट र अनन्तकालसम्म राजनीतिक संक्रमणमा रुमल्लिने जोखिम थियो। जुन जोखिमलाई राजनीतिक दलहरू र आन्दोलनकारी शक्तिहरूले पनि सुझबुझपूर्ण रुपमा सम्हालेर चुनाव हुने स्थिति बन्यो ।

'प्रजातन्त्र नै डिफिसिटमा गएको थियो । यदी निर्वाचन नभएको भए मुलुक झन् संवैधानिक अस्पष्टता हुँदै जाने थियो' संविधानविद् अधिकारीले भने,' त्यो अवस्थामा मुलुकले पार पाएको छ ।'

भदौ २३ र २४ को जेनजी आन्दोनलको मुख्य माग नै शासकीय सुधार छ । अब त्यो सुधारको मूल जिम्मेवारी नयाँ प्रतिनिधिसभालाई आइपुगेको छ । प्रतिनिधिसभाले नै सरकार बनाउने, कानुन निर्माण गर्ने देखि कार्यकारीलाई नियन्त्रण र सन्तुलनमा राख्ने काम गर्छ । यदी प्रतिनिधि सभा राम्रो ढंगले चलेको अवस्थामा शासकीय अव्यवस्थाहरूमा सुधार ल्याउन सक्छ । त्यसैले अबको प्रतिनिधिसभाले परिपक्वतासाथ काम गर्नुपर्ने संविधानविद् अधिकारीको राय छ ।

यसपटक प्रतिनिधिसभा विगतको जस्तो सत्ता खिचातानीको स्थल बन्ने संभावना कम छ । किनकी एउटै दल रास्वपालाई जनताले करिब दुई तिहाइको जनमत दिएका छन् ।

२ सय ७५ सदस्यीय प्रतिनिधिसभा १८२ सिट त रास्वपा एक्लैको छ । २०४७ सालपछि एउटै दल यति धेरै शक्तिशाली भएको प्रतिनिधिसभा यो नै पहिलो हो ।

त्यसैले यसले चाहेको अवस्थामा जस्ता पनि कानुन निर्माण गरेर अघि बढ्न सक्छ । कुनै पनि काम कानुनका कारण अवरोध हुने अवस्थालाई तत्कालै यो प्रतिनिधिसभाले अन्त्य गर्न सक्छ ।

तर, कहिलेकाही जनताको अध्यधिक विश्वासले दलहरूमा दम्भ बढ्न सक्छ । अहिले प्रतिनिधिसभामा प्रतिपक्षी दलहरूको कमजोर उपस्थिति रहेका कारण उनीहरुले सत्तापक्षमाथि गर्ने निगरानी र खबरदारीको आवाज कमजोर हुने जोखिम चाहिँ छ । किनकी विगतको प्रतिनिधिसभामा पहिलो र दोस्रो रहेका कांग्रेस र एमाले धेरै कम अर्थात् ३८ र २५ सिटसहित मात्र उपस्थित छन् ।

यो प्रतिनिधिसभा निकै ठूलो पुस्तान्तरण भएको छ । यसपटक विगतको संसदीय राजनीतिमा खाइखेली आएका व्यक्तिहरू करिब एक दर्जन मात्र छन् । अधिकांस नयाँ र युवाहरू आएका छन् ।

निकै ठूलो पुस्तान्तरण भएकोले प्रतिनिधिसभामा अनुभवको कमी हुनसक्छ । त्यसका लागि चाहिँ संसद् संचालन गर्ने व्यक्ति समन्वयकारी क्षमता र परिपक्व चाहिने संविधानविद् अधिकारी बताउँछन् । 'संसद्का समितिहरूलाई प्रभावकारी बनाउने र सभालाई नै पनि राम्री सञ्चालन गर्नसक्ने व्यक्ति छनौट गर्नुपर्छ' उनले भने ।

## सम्पादकिय............

# सामूहिक सहकार्यबाट संकट व्यवस्थापन : नयाँ सरकारको जिम्मेवारी

विश्व परिवेश यतिबेला असामान्य रुपले जटिल बन्दै गएको छ । रुस-युक्रेन युद्ध अझै समाधानतर्फ उन्मुख हुन सकेको छैन भने पश्चिम एसियामा द्वन्द्व थप चर्किएको छ । संयुक्त राज्य अमेरिका, इजरायल र इरानबीचको तनावले विश्व शान्ति मात्र होइन, अन्तर्राष्ट्रिय आपूर्ति प्रणालीलाई समेत गम्भीर असर पारेको छ । यसको प्रत्यक्ष प्रभाव नेपालजस्ता आयातमा निर्भर मुलुकले भोग्नुपरेको छ । खाडी क्षेत्रबाट इन्धन आपूर्तिमा आएको अवरोध र मूल्यवृद्धिले पेट्रोलियम पदार्थ महँगिएको छ । यसले यातायात, उत्पादन र दैनिक उपभोग्य वस्तुहरुको मूल्यमा श्रृँखलाबद्ध वृद्धि गराएको छ । परिणामतः आम नागरिकको भान्सा महँगिएको छ र जीवनयापन थप कष्टकर बन्दै गएको छ । नेपालमा प्रयोग हुने खाना पकाउने ग्यास, डिजेल, पेट्रोल तथा मटितेल सबैजसो बाहिरबाट आयात हुने भएकाले अन्तर्राष्ट्रिय बजारको उतारचढावको सिधा असर यहाँ पर्नु स्वभाविक हो ।

यस्तो विषम परिस्थितिमा आपूर्ति व्यवस्थालाई चुस्त बनाउनु र बजारलाई स्थिर राख्नु सरकारको पहिलो दायित्व हो । अब बन्ने नयाँ सरकारले तत्काल आपूर्ति श्रृँखलामा देखिएका समस्या समाधान गर्न ठोस नीति अवलम्बन गर्न आवश्यक छ । इन्धन र अत्यावश्यक वस्तुको सहज आपूर्ति सुनिश्चित गर्नुका साथै कालोबजारी, कृत्रिम अभाव र अनियन्त्रित मूल्यवृद्धिमाथि कडा निगरानी आवश्यक छ । तर, सरकार मात्रैले सबै समस्या समाधान गर्न सक्दैन । निजी क्षेत्र, उद्योगी-व्यवसायी र आम उपभोक्ताको पनि समान जिम्मेवारी हुन्छ । व्यवसायीहरुले व्यावसायिक नैतिकता पालना गर्दै कृत्रिम अभाव सिर्जना नगर्ने, उपभोक्तालाई ठगी नगर्ने र बजारलाई अस्थिर बनाउने गतिविधिबाट टाढा रहनुपर्छ । उपभोक्ताले पनि अनावश्यक सञ्चय नगरी विवेकपूर्ण उपभोगमा ध्यान दिनु जरुरी छ ।

यसबीच दीर्घकालीन समाधानका लागि स्वदेशी स्रोतको अधिकतम उपयोग अपरिहार्य देखिएको छ । नेपालजस्तो जलस्रोतमा धनी देशका लागि विद्युत् प्रयोगको विस्तार अत्यन्त उपयुक्त विकल्प हो । खाना पकाउने क्षेत्रमा ग्यासको सट्टा विद्युतीय उपकरणको प्रयोग र सवारी साधनमा विद्युतीय माध्यमको प्रवर्द्धनले आयात निर्भरता घटाउन मद्दत पुर्‍याउन सक्छ । यसले विदेशी मुद्राको बचत मात्र होइन,ऊर्जा सुरक्षालाई पनि मजबुत बनाउँछ । विश्व अर्थतन्त्र मन्दीतर्फ उन्मुख भइरहेको वर्तमान अवस्थामा नेपालले आफ्नो आन्तरिक व्यवस्थापन सुदृढ बनाउनुको विकल्प छैन । नयाँ सरकारले दूरदर्शी नीति, पारदर्शी कार्यशैली र प्रभावकारी अनुगमन प्रणालीमार्फत नागरिकलाई राहत दिनुपर्छ । साथै,उत्पादनमुखी अर्थतन्त्रको विकास, कृषि र उद्योग क्षेत्रमा लगानी वृद्धि तथा रोजगारी सिर्जनालाई प्राथमिकता दिन आवश्यक छ । अन्ततः, जस्तोसुकै संकटमा पनि समाधानको बाटो सामूहिक प्रयासमै निहित हुन्छ । 'म मात्र होइन, हामी सबै मिलेर बाँचौं' भन्ने भावना विकास गर्न सके कुनै पनि चुनौती सामना गर्न सकिन्छ । सरकार, निजी क्षेत्र र आम नागरिकबीचको सहकार्य र विश्वास नै अहिलेको आवश्यकता हो । यही साझा प्रयासबाट मात्र वर्तमान संकटलाई अवसरमा रुपान्तरण गर्दै देशलाई स्थायित्व र समृद्धितर्फ अघि बढाउन सकिन्छ ।

## राशिफल

- मेष - भौतिक साधन जुट्नेछन् ।
- वृष - दाम कमाउने बेला छ ।
- मिथुन - ध्यान पुर्‍याउनुहोला ।
- कर्कट - अवसर दिलाउन सक्ने ।
- सिंह - काम सम्पादन हुनेछ ।
- कन्या - अवसर प्राप्त हुनेछन ।
- तुला - आफन्त नजिकिनेछन् ।
- वृश्चिक - विजय प्राप्त हुनेछ ।
- धनु - लक्ष्य प्राप्त हुनेछ ।
- मकर - अवसर प्राप्त हुनेछ ।
- कुम्भ - उत्साह जगाउनेछ ।
- मिन - प्रतिभाको कदर हुनेछ ।

कुनै पनि समाचार, लेख, रचना वा विज्ञापनका लागि
९८४४०३७१९८, ९८१४८३५५४२, ९८१२०४८५६६, ९८६८८२१२९८
thepublictoday2070@gmail.com

# चुलोचौकोदेखि क्याम्पससम्म : बदलिँदै...

विकले पनि शिक्षक सेवा उत्तीर्ण गरेर राष्ट्रिय प्राविमा अध्यापन गराइरहेकी छिन् ।

यस्तै, कथा छ प्रेमा थापामगरको पनि । उनले शिशुवारी क्याम्पसमा प्लस टू अध्ययन गरे पनि त्यतिबेला क्याम्पसमा स्नातक तह सञ्चालन नभएकाले लहानस्थित जेएस मुरारका बहुमुखी क्याम्पसबाट स्नातक गरिन् । "त्यतिबेला यहाँ स्नातक तहको अध्ययन हुन्थेन, त्यसैले बाहिर बसेर पढ्नुपर्‍यो । हाल भने धेरै दिदीबहिनीहरूले गाउँमै पढ्न पाएका छन्, त्यो देख्दा खुसी लाग्छ," उनले भनिन्, "हाल शिशुवारीमा स्नातक नगर्ने कुनै घर छैन, यो यस क्याम्पसको गौरव हो ।"

लहान माइती भएकी करिनाकुमारी महतोले गत वर्ष बिहे गरेर शिशुवारी आएपछि पनि अध्ययनलाई छोडिनन् । हाल कक्षा १२ मा अध्ययनरत उनलाई वैदेशिक रोजगारीका लागि साउदी अरबमा रहेका श्रीमान् कृष्ण महतोले उत्तिकै हौसला दिइरहेको छ । "खेतीपाती र पशुपालन गर्ने बुबाआमाले बाहिर राखेर पढाउन सक्ने अवस्था थिएन । हाल घरको काम भ्याएर पनि पढ्न पाएकी छु, घरपरिवार सबै खुसी हुनुहुन्छ", महतोले भनिन् ।

शिशुवारी क्याम्पसले सुरुङ्गाका छोरी-बुहारीहरूका लागि केवल 'डिग्री' मात्र बाँडेको छैन, एउटा आत्मविश्वास र आत्मनिर्भरताको बाटो पनि कोरिदिएको छ। पारिवारिक उल्झन र आर्थिक अभावका कारण बीचैमा पढाइ छाडेर गृहिणीमा सीमित भएकाहरू हाल उच्च शिक्षा हासिल गर्ने सपना देखिरहेका छन् ।

**मट्ठीदानबाट ठडिएको 'ज्ञानको मन्दिर'**

यो परिवर्तनको कथा त्यतिबेला सुरु भयो, जब गाउँमा 'ज्ञानको मन्दिर' ठड्याउन स्थानीयले मुट्ठीदान सुरु गरे । लहानका गणपतलाल सारडाले २१ कट्ठा जग्गा दान गरेपछि सुरु भएको यो अभियानमा स्थानीय नारायणप्रसाद पराजुलीले तीन लाख बराबरको जग्गा थपे । अन्य गाउँलेले गच्छेअनुसार १० हजारदेखि ५१ हजारसम्म नगद सहयोग गरे ।

क्याम्पसका लेखापाल ज्ञानेन्द्र धमलाका अनुसार १४ वर्षको अवधिमा स्थानीयबाट मात्र १७ लाखभन्दा बढी नगद सहयोग जुटेपछि विद्यालयको विकासमा सहयोग पुगेको हो । 'स्थानीयको अपनत्व' का कारण क्याम्पसले स्थानीयस्तरमा गुणस्तरीय शिक्षा दिन सहज भएको उनको भनाइ छ ।

क्याम्पस संचालक समितिका अध्यक्ष एवं सुरुङ्गा-१ का वडाध्यक्ष छत्रबहादुर राउत (राजकुमार) क्याम्पसले विभिन्न बाधा झेलेर पनि स्थानीयमा शिक्षाको ज्योति बाल्न योगदान गरिरहेको बताउँछन् । "मैले जिम्मेवारी लिँदा भवन जीर्ण थियो, शिक्षकहरूको तलब झन्डै दुई लाख बक्यौता थियो र जम्मा १० जना विद्यार्थी मात्र थिए", उनी विगत कोट्याउँछन्, "तर हार नखाई चलाइएको घरदैलो अभियानले ५२ जना छोरी-बुहारीलाई क्याम्पस भर्ना गरायो । शिक्षकहरूले महिनौँसम्म तलब नपाउँदा पनि कक्षा रोकेनन्, जसको नतिजास्वरूप आज यो क्याम्पस कोशी प्रदेशमै बिएडतर्फको नतिजामा पहिलो हुन सफल भएको छ ।"

राउतको यो तेस्रो कार्यकाल हो । यही क्याम्पसको स्नातक पहिलो ब्याचका विद्यार्थी एवं हाल संचालक समिति सदस्य काशि कार्कीका अनुसार यहाँ पढेका कैयौँ विद्यार्थीहरू नेपाल सरकारको निजामती सेवामा प्रवेश गरेर राष्ट्र सेवामा जुटिसकेका छन् । कुनै समय सामान्य लेखपढ मात्र भएको यो गाउँमा हाल प्रायः हरेक घरमा कम्तीमा एकजना स्नातक उत्तीर्ण छोरी वा बुहारी भेटिन्छन् । "यो अभियानको सबैभन्दा ठूलो सफलता हो । हाल तराई मधेस समृद्धि कार्यक्रममार्फत बनेको पक्की भवनमा कक्षा सञ्चालन भइरहेको छ भने भारतीय दूतावासको पाँच करोड लागतमा निर्माणाधीन तीनतले अत्याधुनिक भवन आगामी वैशाखमा उद्घाटन गर्ने तयारी छ । यी पूर्वाधार बनेमा थप सहज हुनेछ", उनले भने ।

त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा बिएड र प्लस टूतर्फ शिक्षा र व्यवस्थापन सङ्कायको अध्ययन अध्यापन भइरहेको यस क्याम्पसले विद्यार्थीलाई कम्प्युटरको आधारभूत सीप र शिक्षक सेवा आयोगको तयारी कक्षासमेत निःशुल्क उपलब्ध गराउँदै आएको छ। क्याम्पस प्रमुख तिम्सिनाका अनुसार हाल यहाँ प्लस टू तर्फ २०० र स्नातकतर्फ २२५ जना विद्यार्थी अध्ययनरत छन्, जसमा छोरी-बुहारीहरूको बाहुल्यता छ ।

स्थानीयको चन्दा र गाँस काटेर गरिएको सहयोगबाट सञ्चालित यस क्याम्पसले विपन्न परिवारका छोरी-बुहारीहरूका लागि वास्तवमै अँध्यारोमा एउटा उज्यालो दियोको काम गरिरहेको छ । चुलोचौकोको धुवाँबाट निस्किएर उच्च शिक्षासम्म पुग्ने यहाँका छोरी–बुहारीहरूको यात्राले शिशुवारीलाई केवल एउटा शैक्षिक संस्था मात्र होइन, सामाजिक परिवर्तनको एउटा


## के हो निपाह भाइरस?

निपाह भाइरस पशुबाट मानिसमा सर्ने एक गम्भीर प्रकृतिको रोग लाग्ने भाइरसको संक्रमण हो । यस भाइरस प्राकृतिक रुपमा फ्रुट ब्याट भन्ने प्रजातिको चमेरोमा पाइन्छ ।

### निपाह भाइरस कसरी सर्दछ ?

निपाह भाइरस जनावरबाट जनावर, जनावरबाट मानिस र मानिसबाट मानिसमा पनि सर्दछ ।



संक्रमित चमेरोबाट सुँगुर, गाई, गोरु जस्ता जनावर हुँदै मानिसमा

संक्रमित पशुको संसर्गमा आएको फलफूल प्रयोग गरेमा

संक्रमित व्यक्तिको रगत, दिसा, पिसाबसँग प्रत्यक्ष सम्पर्कमा आएमा

### निपाह भाइरसका लक्षणहरु



### निपाह भाइरसको रोकथाम कसरी गर्ने ?



- फलफूल राम्रोसँग पखालेर मात्रै खाने
- तरकारी सकेसम्म पकाएर खाने
- गाईवस्तुको गोठ र फार्म सफा राख्ने
- मासु काट्दा र पकाउँदा पन्जा र मास्कको प्रयोग गर्ने
- सकेसम्म पानी उमालेर मात्रै पिउने
- बेलाबेलामा साबुनपानीले हात धुने
- भिडभाडमा जाँदा मास्क लगाउने

सोनमा गाउँपालिका
सोनमा, महोत्तरी


# ६३ भन्दा बढी सांसदद्वारा मातृभाषामा शपथ

**राष्ट्रिय समाचार समिति**

*काठमाडौँ, चैत्र १२ गते*

सङ्घीय संसद्को प्रतिनिधिसभा सदस्यमा निर्वाचित सदस्यहरुले पदको शपथ लिएको छ ।

कुल २७५ सांसदमध्ये ६३ भन्दा बढी सांसद्ले मातृभाषामा शपथ लिने जानकारी संसद् सचिवालयलाई गराएको थियो । सिंहदबारस्थित संसद् भवनमा प्रतिनिधिसभाको ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीद्वारा सांसदहरूले शपथ लिएको हो ।

मातृभाषामा शपथ ग्रहण गर्ने सांसदहरूमा यज्ञबहादुर बोगटीले अछामी, मोहम्मद इस्तियाक राईले अवधि, आकृति अवस्थीले डोटेली, गङ्गा छन्त्यालले छन्त्याल, करिस्मा कठरियाले 'कठरीया थारू' भाषामा शपथ लिएको छ ।

त्यसैगरी निश्कल राईले चाम्लिङ र दीपकराज बोहराले डोटेली भाषामा शपथ लिए । सुजाता तामाङ र परशुराम तामाङले तामाङ भाषामा शपथ लिए ।

कान्त चौधरी, अशोककुमार चौधरी, गीता चौधरी, पुष्पाकुमारी चौधरी, प्रमिलाकुमारी गच्छदार र सुरेन्द्र चौधरीले थारू भाषामा शपथ लिए । अनुष्का श्रेष्ठ, कुलभक्त शाक्य, कुशुम महर्जन, कपा महर्जन, विराजभक्त श्रेष्ठ, गङ्गालक्ष्मी अवाल, बुद्धरत्न महर्जन, मदनकृष्ण श्रेष्ठ, रुकेश रन्जितले नेपाल भाषामा शपथ लिएको छ ।

नितिमा भण्डारी (कार्की), रबिन महतो, रवीन्द्र पटेल र राजेशकुमार चौधरीले बज्जिका भाषामा शपथ लिनुभयो । त्यसैगरी ऐनबहादुर महरले बझाङ्गी भाषामा शपथ लिए । माधवराज राईले बान्तावा, कन्हैया बनिया, अरविन्द साह, बुद्धिप्रसाद पन्त, सुशीलकुमार कानुले भोजपुरी भाषामा शपथ लिए । रेनुका काउचाले मगर खाम भाषामा शपथ लिईन् । प्रमोदकुमार महतो, राजकिशोर महतोले मगही भाषामा शपथ लिए ।

अङ्किता ठाकुर, आशा झा, उज्ज्वलकुमार झा, दीपककुमार साह, कामिनी कुमारी, जोगकुमार बरबरिया यादव, तपेश्वर यादव, दीपककुमार साह, नरेन्द्रसाह कलवार, निशा मेहता, पुरुषोत्तम शुप्रभात यादव, मनिष झा, मातृकाप्रसाद यादव, रामजी यादव, रुवी कुमारी, शम्भुकुमार यादव, शिव शङ्कर यादव, सीताराम साहले मैथिली भाषामा शपथ लिए । कृपाराम रानाले राना थारू भाषामा शपथ लिए ।

त्यसैगरी पूर्णप्रसाद लिम्बू, सन्तोष सुब्बा, सुहाङ नेम्बाङले लिम्बू मातृभाषामा शपथ लिए । खुश्बु ओलीले संस्कृत भाषामा शपथ लिईन् ।

# मधेशको बजेट घट्ने अनुमान,आर्थिक...

हुनाले घट्न सक्ने बताए ।

संघीय सरकारबाट प्राप्त हुने अनुदानलाई समेटेर बजेट बनाइन्छ। तर जेनजी आन्दोलनको कारण संघीय सरकारले २० प्रतिशत बजेट कटौती गर्नसक्ने भनेपछि बजेट घट्न सक्ने अनुमान गरिएको छ,' यादवले भने । आर्थिक अनुशासनको पक्षमा यदि सरकारले बजेट काटेर राम्रो गर्ने प्रयास गरे त्यसलाई पोजेटिभ लिनुपर्ने उनको तर्क छ ।

पूर्व मुख्यमन्त्रीसमेत रहेका जसपा नेपाल संसदीय दलका नेता सरोजकुमार यादव घाटा बजेटले प्रदेशलाई नोक्सान हुने बताउँछन् । '१२ अर्बको घाटा बजेटले प्रदेशलाई नै नोक्सान हुन्छ । फाइदा हुँदैन,' उनको तर्क छ, 'जति पैसा थियो, त्यतिको मात्रै अनुमानित बजेट बनाउनु पर्थ्यो ।'

पाँच वर्ष तत्कालीन जसपा नेपालका मुख्यमन्त्री लालबाबु राउत र आफ्नो नेतृत्वमा डेढ वर्षको सरकार हुँदा कहिल्यै यस्तो घाटा बजेट नबनाएको उनको तर्क छ ।

**कसरी बन्यो क्षमताभन्दा बढीको बजेट ?**

अर्थ मन्त्रालयमा गत वर्षको मौज्दात अनुमान १० अर्ब थियो । तर ४ अर्ब मात्र पुग्यो । त्यसमा ६ अर्ब कम भयो । यस्तै राजस्व संकलन अनुमान साढे ९ अर्ब राखेको थियो । त्यसमा ५ अर्बको हाराहारीमा मात्र आयो ।

आन्तरिक ऋण दुई अर्ब लिने अनुमान थियो । जसको आवश्यक तयारी पुगेन । त्यसमा नेपाल सरकारको स्वीकृति लिनुपर्ने हुन्छ । आन्तरिक ऋण रोजगारमुखरी र उत्पादनमुखीमा मात्र पाउने कानुनी व्यवस्था छ । सिधैं आन्तरिक ऋण लिन पाउँदैन । यी यस कारण अनुमान गरेकोभन्दा १२ अर्ब बजेट घट्ने अनुमान गरिएको अर्थ मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सचिव रामकुमार महतोको भनाइमा अनुमानित बजेटमा लक्ष्य अनुसारको राजस्व संकलन नहुँदा घट्ने अनुमान छ । जुन स्वाभाविक हो ।

'अनुमानको तुलनामा राजस्वको लक्ष्य प्राप्ति हुन सकेन । एक महिनाअघि असार १ गते नै अनुमान हुन्छ । तर बजेट असार मसान्तभरि खर्च भइरहन्छ,' उनको तर्क छ, 'यस वर्ष धेरै खर्च भयो । मौज्दात न्यून रह्यो । विगत वर्षमा धेरै बजेट खर्च नहुँदा मौज्दात सपोर्ट हुन्थ्यो । त्यसकारण अनुमानित मौज्दात घटेर पनि बजेट घट्ने अनुमान छ ।'

उनले अर्को कारण स्थानीय तहबाट राजस्व बाँडफाँट लक्ष्यअनुसार नआएको ठान्छन् । 'राजस्व बाँडफाँटमा स्थानीय तह अनुदार छ । बाँडफाँट गर्नुपर्ने राजस्व कानुनबमोजिम प्रदेशलाई उपलब्ध गराइरहेको छैन,' उनी भन्छन् 'घरजग्गाको कारोबार न्यून छ । गिट्टी-बालुवाको बजेटको धेरै राजस्व नै बाँकी छ । यी लगायतका कारणहरू अनुमानित राजस्व संकलन भएन । त्यसकारण बजेट घट्ने अनुमान छ ।'

तर, बजेट घटी भए पनि उपभोक्ता समितिबाट काम थाल्ने तयारीले सरकार आफैं झनै आर्थिक जोखिममा पर्ने खतरा बढेको छ । एक सांसदका अनुसार केही दिनअघि सत्ता गठबन्धनको बैठकमा घटी बजेटको समस्या समाधान गर्न २५ लाखसम्मका योजना समर्पण गर्न कुरा उठेको थियो । छलफल पनि भयो । तर पछि सत्ता गठबन्धन भित्रकै नेपाली कांग्रेस, जसपा नेपाल, नेकपा, जनमतका दलका नेताहरूले नै २५ लाखसम्मका योजना उपभोक्ता समितिबाट गर्ने गरी जोडबल गरिरहेका छन् ।


## हिमालयन लाइफ

प्रधान कार्यालय - पो.ब.नं. २५९७९, मनकामना मार्ग, हात्तीसार, काठमाडौं, नेपाल
(कम्पनी एने २०६३ र बीमा ऐन २०७९ अन्तर्गत स्थापित)
फोन नं. ०१-४४१४१४, ०१-५९७०००५७

**हकदावी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएका/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालय सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दावी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI1330000483 | राम दयाल सदा | हरिहरपुर-०५, धुनषा |



## खर्गा दाँत उपचार केन्द्र
अब काठमाडौँ जानु नपर्ने

डा.गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS (Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

➢ हामी कहाँ नै किन ? आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थाई/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल (Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेढो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुख भित्र घाँउ, खटिरा आउने गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट (RCT) भर्ने, दाँतको X-ray गरिने ।

यहाँ, सबै खाले दाँतको उपचार गरिन्छ ।

डाक्टर भेटने समयः प्रत्येक दिन विहान ९ बजेदेखि साँझ ५ बजेसम्म ।

खर्गा दाँत उपचार केन्द्र

सिन्धुलीरोड, लुम्बिनि हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा, बर्दिवास, महोत्तरी, ☎ ९८४४३१२२४६

## चुलोचौकोदेखि क्याम्पससम्म :

# बदलिँदै शिशुवारीका छोरी-बुहारीको जीवन

राष्ट्रिय समाचार समिति

*सप्तरी, चैत्र १२ गते ।*




सप्तरीको सुरुङ्गा नगरपालिका–१ की सुमित्रा राउत ९ कक्षा पढ्दै गर्दा विवाह भयो । थप पढ्ने रहर त थियो, तर विवाहपछि उनको जीवनको लय मोडियो । राउतले करिब १० वर्षसम्म चुलोचौको, खेतीपाती र पारिवारिक जिम्मेवारीमै बित्यो ।

योबीचमा जिम्मेवारीले पढ्ने रहर ओझेलमा पऱ्यो, तर त्यो रहर अन्त्य भइसकेको थिएन । उनले फेरि अध्ययन सुरु गरिन् र २०६७ सालमा एसएलसी उत्तीर्ण गरिन् । राउतको औपचारिक अध्ययनको यात्रा त्यत्तिमा रोकिएन, घर नजिकै शिशुवारी क्याम्पस खुलेपछि उनले 'प्लस टू' मात्र होइन, गत वर्ष स्नातक (बिएड) समेत उत्तीर्ण गरेकी छिन् ।

"योबीचमा मैले विभिन्न गैरसरकारी सङ्घसंस्थामा काम गरेँ, यस क्रममा औपचारिक शिक्षाको महत्व बुझेँ । पढाइमा तल्लो तहमा हुँदा धेरै अवसरबाट वञ्चित भएको महसुस हुन्थ्यो । बाहिर गएर पढ्ने सम्भावना थिएन, तर घर नजिकै क्याम्पस खुलेपछि पढ्न सहज भयो", राउतले खुसी व्यक्त गर्दै अगाडि भनिन्, "अब यही स्नातकोत्तर पनि संचालन भएमा पढाइलाई अझ अगाडि बढाउने चाहना छ । चाँडै त्यो सपना गर्ने अपेक्षामा छु ।"

यस्तै, कथा डिकुरा पोखरेलको पनि छ । १५ वर्षअघि उदयपुरको गाईघाटस्थित त्रियुगा क्याम्पसबाट १२ कक्षाको अन्तिम परीक्षामा उनलाई एउटा विषय लाग्यो । त्यहीबीचमा विवाह भयो र पढाइ रोकियो । पछि सुरुङ्गास्थित घर नजिकै शिशुवारी क्याम्पस खुलेपछि पोखरेलले पुनः १२ कक्षा उत्तीर्ण गरी नेपाली विषयमा स्नातक गरिन् र हाल स्नातकोत्तर सकेर अध्यापन गराइरहेकी छिन् ।

सुमित्रा र डिकुरा त प्रतिनिधि पात्र मात्र हुन् । गाउँमै क्याम्पस स्थापना भएपछि उनीहरूजस्तै सयौँ छोरी-बुहारीले यहाँ आफ्ना अधुरा सपनालाई पूरा गर्ने अवसर पाएका छन् । सप्तरीको उत्तर-पश्चिमी सीमान्त गाउँ शिशुवारीमा अवस्थित यो क्याम्पस स्थानीयको पसिना र चन्दाबाट ठडिएको हो ।

वि.सं. २०६९ साउन १५ गते त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन पाएको यस क्याम्पसले उच्च शिक्षाको ढोका खोलिदिएको छ । हाल यहाँका ३०० भन्दा बढी बुहारीहरू स्नातक उत्तीर्ण भई कोही निजामती सेवा त कोही शिक्षण पेसामा प्रवेश गरेर आफ्नो संसार आफैँ बदल्न सफल भएका छन् ।

क्याम्पस प्रमुख कृष्णप्रसाद तिम्सिनाका अनुसार यहाँ सप्तरीका मात्र होइन, छिमेकी जिल्ला सिरहा, उदयपुर, खोटाङ, सुनसरी र मोरङसम्मका छात्राहरू लाभान्वित भइरहेका छन् । "यहाँको गाउँले वातावरण, न्यून शुल्क र सुरक्षित वातावरणले गर्दा बुहारीहरूका लागि यो क्याम्पस माइतीको घरजस्तै बनेको छ", उनी भन्छन् ।

क्याम्पस प्रमुख तिम्सिनाका अनुसार आर्थिक रूपमा कमजोर परिवारका लागि वार्षिक १४ हजार मात्र शुल्क निर्धारण गरिएकाले यो क्याम्पस अन्य सामुदायिक क्याम्पसभन्दा करिब ३० प्रतिशत सस्तो र सहज पहुँचयोग्य बनेको छ । साथै, अतिविपन्न विद्यार्थीलाई निःशुल्क भर्ना गर्ने व्यवस्था पनि गरिएको छ । क्याम्पसको यो गुणस्तरीय र सुलभ शिक्षाले धेरैको जीवनमा व्यावसायिक परिवर्तन ल्याएको छ ।

उदयपुरको मुर्कुचीबाट विवाह गरी आएकी टुना माया मगरले यहीबाट स्नातक गरी शिक्षक सेवा आयोग उत्तीर्ण गरेकी छिन् । हाल उनी जनप्रभावत मावि दौलतपुरमा स्थायी शिक्षिका छिन् । यस्तै, दुई वर्षअघि यही अध्ययन गरेकी मनिषा

*- बाँकी पृष्ठ ३ मा*

# "स्वास्थ्य क्षेत्रको विकासको लागि सरकार प्रतिबद्ध"

राष्ट्रिय समाचार समिति

*चन्द्रपुर, चैत्र १२ गते ।*

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले स्वास्थ्य क्षेत्रको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताएको छ ।

रौतहटको चन्द्रपुर नगरपालिका-५ स्थित चन्द्रनिगाहपुर अस्पतालको अनुगमन गर्दै मुख्यमन्त्री यादवले अस्पतालमा बिरामीको चाप अत्यधिक बढ्दै गएको अवस्थामा आमनागरिकले सरकारी स्वास्थ्य संस्थाबाट पाउनुपर्ने सुविधा सहज रुपमा प्रदान गर्न प्रदेश सरकार काम गरिरहेको बताए ।



चन्द्रनिगाहपुर अस्पतालमा बिरामीको सहज उपचार गर्न आवश्यक उपकरण, जनशक्ति र भौतिक पूर्वाधारको विकासका लागि आफूले सहयोग गर्ने मुख्यमन्त्री यादवले प्रतिबद्धता जनाए । अनुगमनको क्रममा अस्पतालमा एम्बुलेस, शव भवन, थप प्राविधिकसहितको जनशक्ति आवश्यक परेको देखिएको उनले बताए ।

चन्द्रपुर नगरपालिकाका नगरप्रमुख सञ्जयकुमार काफ्लेले बढ्दो सहरीकरण तथा बजारीकरणले गर्दा अस्पतालमा बिरामीको चाप बढिरहेको अवस्थामा अस्पतालको स्तरउन्नतिका लागि सहयोग गर्न मुख्यमन्त्री यादवलाई आग्रह गरे । नगरप्रमुख काफ्लेले केही वर्षभित्र नै निर्माण कार्य सकिने गरी सुविधा सम्पन्न भवन निर्माण कार्य भइरहेको जानकारी दिए । अस्पताल व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका नगरप्रमुख काफ्लेले अस्पतालमा ट्रमा सेन्टर चाँडो सञ्चालन गर्नुपर्ने बताए ।

अस्पतालका मेसु डा. अभिनन्दन श्रीवास्तवले प्राविधिक जनशक्ति, उपकरण र भौतिक पूर्वाधारको अभावका बिरामीको उपचारमा कठिनाइ भएको बताए । १५ शैय्याको उक्त चन्द्रनिगाहपुर अस्पतालमा वार्षिक ५० हजार बिरामी आउने गरेको डा. श्रीवास्तवले जानकारी दिए ।


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरु मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।

विविधतामा एकता, सद्भाव र सहिष्णुता ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# अब एउटै बेन्चमा कांग्रेस, एमाले र नेकपा

राष्ट्रिय समाचार समिति

*काठमाडौँ, चैत्र १२ गते ।*

संसदीय यात्रामा सत्तापक्ष त कहिले प्रमुख या प्रतिपक्ष भएर सदनका बैठकमा बस्दै आएका तीन राजनीतिक दल नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाली कम्युनिस्ट पार्टी अब भने एउटै बेन्चमा बस्ने भएका छन् ।

गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामले यी तीन पार्टीको तत्कालको संसदीय स्थान प्रतिपक्ष बेन्च तय गरिदिएको हो ।

यसअघि मुलुकका प्रमुख तीन दलको पहिचानमा रहँदै आएको थियो । वि.सं. २०६३ मा लोकतन्त्रको स्थापना र तत्कालीन नेकपा (माओवादी) शान्ति प्रक्रियामा आएपछि गठन भएको अन्तरिम संसद्मा यी तीनवटै दल एउटै बेन्चमा थिए ।

तर, २०६४ सालको संविधानसभा निर्वाचनबाट बनेको सभा र त्यसपछिका संसद्हरूमा भने कांग्रेस, एमाले र माओवादीमध्ये कुनै दुई दल सत्तामा हुँदा प्रायः एक दल प्रतिपक्षमा बस्ने गरेको अवस्था थियो ।

तीनवटै दल एउटै बेञ्चमा बस्न लागेको भने यो पहिलो पटक हो । यसपटक तीन दलमध्ये कांग्रेस प्रमुख प्रतिपक्ष र अन्य दुई दल प्रतिपक्षको भूमिका रहने छन् ।

एउटै विपक्षी बेन्चमा तीन दल रहने छन् । गत फाल्गुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनपछि बिहीवार मात्र प्रतिनिधि सभा सदस्यले पद तथा गोपनीयताको शपथ ग्रहण गरेको हो ।

समारोहमा सभा ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले नवनिर्वाचित सांसदलाई शपथ गराएका थिए । शपथका क्रममा तीन दलका सांसद प्रतिपक्षी बेन्चमा उभिएर शपथ लिएका थिए । राजनीतिक दलहरूको सिट संख्याका आधारमा सङ्घीय संसद् सचिवालयले दलहरूको बस्ने बेन्चको व्यवस्था गरेको छ ।


## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिवास, महोत्तरी

044-550255


पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री